म.जि.प्र.का.दर्ता नं.-११५ हेटौंडा, वर्षः १२, अङ्कः-२७९, २०८१ बैशाख ३१ गते सोमबार (Monday, 13 May 2024), www. pradeshdaily.com पृष्ठ-४, मूल्य रू. ३/-


# प्रदेश

PRADESH NATIONAL DAILY राष्ट्रिय दैनिक



**गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


जसपा नेपाल फुटको असर

## मधेशमा एमाले र माओवादी सरकारबाट बाहिरियो

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ जनता समाजवादी पार्टी नेपाल फुटको असर मधेश प्रदेशमा परेको छ । पार्टीमा आएको विभाजन पश्चात जसपा नेपाललाई सरकारबाट हटाउने रणनीति अनुसार मधेश प्रदेशमा नेकपा एमाले र माओवादी केन्द्रले मधेस प्रदेश सरकारलाई दिँदै आएको समर्थन फिर्ता लिएको छ ।



नयाँ गठबन्धनको तयारीमा रहेका एमाले, माओवादी लगायतका दलका नेताहरु ।

एक्कासी एमाले र माओवादीले जसपाका नेता सरोजकुमार यादव नेतृत्वको सरकारलाई दिँदै आएको समर्थन फिर्ता लिने निर्णयमा पुगेको हो । यादव उपेन्द्र यादवको नेतृत्वको पार्टीमा रहेका थिए । यो पार्टी फुटेर जनता समाजवादी पार्टी (जसपा) बनेको छ । योसँगै मुख्यमन्त्री यादव नेतृत्वको सरकार अल्पमतमा परेको छ । एमाले र माओवादीले आफ्ना मन्त्रीहरूलाई फिर्ता बोलाउँदै सरकारलाई दिँदै आएको समर्थन फिर्ता लिएको जानकारी प्रदेश प्रमुखलाई गराइसकेका छन् ।

एमालेबाट राजीनामा दिनेहरूमा सरोजकुमार यादव, राजकुमार लेखी, सत्रुधन सिंह, प्रमोदकुमार जयसवाल, केशव राय र शारदा थापा रहेका छन् । राय र थापा राज्यमन्त्री हुन् भने अरू चार जना मन्त्री हुन् । यस्तै माओवादीबाट मन्त्री बनेका भरत साह र युवराज भट्टराई समिरले पनि राजीनामा दिएका छन् । मधेस प्रदेश सरकारको सत्तारुढ दल माओवादी र एमाले संयुक्त रुपमा समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परेको छ । केन्द्रमा जसपा नेपाल विभाजन भएपछि त्यसको प्रत्यक्ष असर मधेश सरकारमा परेको हो ।

जसपा नेपाल विभाजन भएपछि त्यसलाई मौका ठान्दै प्रदेश सरकारका सत्तारुढ दलहरू माओवादी र एमालेले नयाँ सरकार निर्माण गर्ने गृहकार्यमा लागेका थिए । सोही अनुसार कसले सरकारको नेतृत्व लिने भन्ने सवालमा तारन्तार यी दुवै दलहरूबिच आन्तरिक छलफल हुँदै आएको थियो । तैपनि अहिलेसम्म कसको नेतृत्व भन्नेमा ठोस सहमति जुटिसकेको छैन । एमालेका संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले पहिला एमालेको नेतृत्वमा सरकार बनाउने सहमति भएको दावी गरेका छन् । त्यसकारण एमालेले समर्थन फिर्ता लिँदै मन्त्रीलाई समेत फिर्ता बोलाएको उनले बताए । माओवादीले पनि एमाले, जनमत, लोसपा, एकीकृत समाजवादीको साथ लिएर नयाँ सरकार बनाउने रणनीतिमा लिएको बताइएको छ ।

माओवादी र एमाले सरकारबाट बाहिरिएसँगै मधेशमा नयाँ सरकार गठनबारे एमाले र माओवादीसहित जनमत र लोसपा पार्टीले गठबन्धन गर्ने भएका छन् । सरकारको नयाँ नेतृत्व नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवले गर्ने निश्चित भएको बताइएको छ । मधेश प्रदेशमा एमालेको २४, जनमतको १३, लोसपाको ८ र माओवादीको ९ गरी ५४ जना प्रदेशसभा सदस्य पुग्छन् ।

कुल १०७ प्रदेश सभा सदस्य रहेको मधेस प्रदेशमा सरकार बनाउन ५४ जना प्रदेशसभा सदस्य आवश्यक पर्छ ।

## वीपीको विचारलाई जनतासम्म लैजानुपर्छ : डिना

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले वीपीको विचारलाई आत्मसाथ गर्दै अघि बढ्नुपर्ने आजको आवश्यकता रहेको औंल्याएकी छिन् ।



कार्यक्रममा कृति विमोचन गर्दै कांग्रेस सहमहामन्त्री डिना लगायत ।

आइतबार हेटौंडामा भएको सामाजिक लोकतन्त्र अध्ययन केन्द्र मकवानपुरको दोस्रो जिल्ला अधिवेशन तथा चौथो साधारणसभा एवम् वीपीको अदालतमा बयान कृति सार्वजनिकीकरण कार्यक्रमलाई सम्बोधन गर्दै उनले वीपीको विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको बताइन् । 'कांग्रेसले अग्रजका विचार र धारणाको सम्मान गर्दै जनताको भावनालाई आत्मसाथ गरी अघि बढ्नुपर्ने आजको आवश्यकता हो', उनले भनिन् ।

वीपीको विचारलाई जनतासम्म लैजान सके समाज परिवर्तनमा सघाउ पुग्ने उनको दावी थियो । कम्युनिष्टहरु अहिले सत्ता टिकाउने फोहोरी खेलमा लागेको भन्दै उनले अब कांग्रेस गाउँगाउँमा गएर जनताको भावना अनुसार काम गर्न जरुरी रहेकोमा जोड दिइन् । 'वर्तमान सरकारको नेतृत्व गर्ने कम्युनिष्ट दलका नेताहरु सहकारी ठगी लगायका आरोप लागेकाहरुलाई काखी च्यापेर हिँडिरहेका छन् । आफ्नो सत्ता टिकाउन अर्काको पार्टी फुटाउने हर्कत गरिरहेका छन्', सहमहामन्त्री डिनाले भनिन्, 'यी सबै कुकार्यलाई जनताले नजिकबाट नियालिरहेका छन् । अब आउने निर्वाचनमा यसको परिणाम देखिनेछ ।' सरकारले गरेका गलत कार्यको विषयमा जनतालाई बुझाउन जरुरी रहेको उनको भनाई थियो ।

सामाजिक लोकतन्त्र अध्ययन केन्द्र मकवानपुर अध्यक्ष कृष्ण दाहालको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य एवम् नेकपा माओवादी केन्द्रका नेता प्रल्हाद लामिछाने, नेपाली कांग्रेस मकवानपुरका पूर्व सभापति रघुरमण न्यौपाने, कांग्रेसका नेता आनन्दराम पराजुली लगायतले समसामयिक राजनीतिक विषयमा मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा दलभित्रको मूल्यांकन अभ्यास र नेतृत्वमा दिशाबोध विषयमा विचार प्रवाह समेत भएको थियो । कार्यक्रममा कृष्ण न्यौपाने, केशव काफ्ले, अप्सरा बस्नेत, देवराज खरेल, राजबाबु पहाडी लगायतलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा कांग्रेस नेताहरु प्रदीप कोइराला, भीम लामा, ईश्वर पण्डित, ईश्वरलाल श्रेष्ठ, शंकर न्यौपाने, निलम देवकोटा, अमृता थापा, हरि पौडेल, आकाश गोले लगायतको आतिथ्यता रहेको थियो ।

## मनहरीमा कांग्रेसको अगुवा कार्यकर्ता भेला

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ मकवानपुरको मनहरी गाउँपालिकामा नेपाली कांग्रेसको अगुवा कार्यकर्ता भेला भएको छ । कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाको अध्यक्षता एवम् कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा मनहरी ९ स्थित रजैयामा अगुवा कार्यकर्ता भेला भएको हो ।



कांग्रेसको अगुवा कार्यकर्ता भेलाका सहभागीहरु ।

भेलामा पार्टी र जनप्रतिनिधिबीच सम्बन्ध, विद्यमान स्थानीय समस्या, गाउँपालिकाले बनाउने बजेट र पार्टीको भावी रणनीति बारे गाउँपालिकाका जनप्रतिनिधि र वडा सभापतिहरुले धारणा राखेका थिए ।

प्रमुख अतिथि बानियाँले अगुवा कार्यकर्ता र जनप्रतिनिधिले उठाएका समस्या, जिज्ञासा र पार्टीको आगामी रणनीतिबारे जवाफ दिएका थिए । कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, जिल्ला अनुशासन समिति संयोजक प्रभातकुमार दाहाल, मकवानपुर प्रतिनिधि सभा २ को प्रदेशसभा 'ख' क्षेत्रीय सभापति रञ्जन कालाखेती, महासमिति सदस्यद्वय राजेश भेटवाल र जनकराज उप्रेती, बागमती प्रदेश सदस्य जानुकी लामा, जिल्ला सदस्यहरु चन्द्रप्रसाद न्यौपाने, कमला मैनाली, नवराज खतिवडा, महाधिवेशन प्रतिनिधि शंकर न्यौपाने, लोकतान्त्रिक आदिवासी जनजाति महासंघ मकवानपुर का अध्यक्ष पदम तितुङलगायतको आतिथ्यता रहेको थियो ।

## रोटरीको स्थापना दिवसमा विद्यालयलाई शैक्षिक सामग्री सहयोग

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ रोटरी क्लब अफ मकवानपुरले आफ्नो स्थापना दिवसको अवसरमा हेटौंडा -१ भैरव डाँडामा रहेको भैरव आधारभूत विद्यालयलाई शैक्षिक सामग्री सहयोग हस्तान्तरण गरेको छ ।

रोटरी क्लब अफ मकवानपुरको १० औं स्थापना दिवसको अवसरमा आइतबार बिहान एक कार्यक्रमकाबीच शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो । कार्यक्रममा ५० जना विद्यार्थीलाई जोमेटिक्स, कपीकलम लगायत १५ हजार बराबरको शैक्षिक सामग्री हस्तान्तरण गरेको रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष अन्जनीकुमार पराजुलीले जानकारी दिए ।

रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १ नम्बर वडाध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हुद्दबहादुर दर्लामी, रोटर्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष राजन कटुवाल, क्लबका पूर्व अध्यक्ष तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।




# सम्पादकीय

## अस्पताल हस्तान्तरणको विवाद

हेटौंडा अस्पतालको विषय मकवानपुरवासी र बागमती प्रदेशका नागरिकको स्वास्थ्यसँग जोडिएको संवेदनशील विषय हो । अस्पतालको भावी व्यवस्थापनबारे सबैको सन्तुष्टि हुनुपर्छ । तर, बागमती प्रदेश सरकारले गरेको हालैको कदम अत्यन्त विवादास्पद देखिएको छ । हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्ने निर्णय नागरिकको हित विपरीत मात्र नभएर प्रादेशिक स्वशासनको ममिलालाई पनि चुनौती दिने खालको छ ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना एउटा राम्रो कदम हो । तर, यसले हेटौंडावासीको मूल अस्पताल गुमाउनु हुँदैन । मकवानपुरका ८ वटा राजनैतिक दलको संयुक्त विरोधले यस विवादित निर्णयको गम्भीरता देखाएको छ । शुरूमा हेटौंडा अस्पताललाई प्रतिष्ठानको प्रयोगशाला बनाउने सहमति भएकोमा अहिले पूरै अस्पताललाई नै प्रतिष्ठानमा गाभ्ने निर्णय गरिएको छ । यो निर्णय मकवानपुरवासी र राजनीतिक दलले सजिलै स्वीकार्ने अवस्था छैन । हेटौंडा अस्पताल मकवानपुर वासीको गौरव र पहिचानको केन्द्र बिन्दु हो । यो अस्पताल प्रदेश सरकारको स्वामित्वमा रहेको मात्र नभएर मकवानपुरकै जनताको लगानी र संवेदनासँग गाँसिएको छ । यसलाई सरासर प्रतिष्ठानमा गाभेर मकवानपुरको अस्तित्व नै मेटिने गरी अगाडि बढ्नु कदापी उचित छैन । हेटौंडा अस्पतालको स्वामित्व र सम्पत्ति प्रतिष्ठानमा हस्तान्तरण गर्नु उचित होइन । अस्पतालले दशकौंदेखि जनतालाई सेवा गरिरहेको छ । यसलाई जिउँदो संस्थाकै रूपमा संरक्षण गरिनुपर्छ ।

अनौपचारिक सहमतिअनुसार प्रतिष्ठानको लागि प्रयोगशालाको रूपमा प्रयोग गर्न सकिन्छ । तर पूरै अस्पतालनै प्रतिष्ठानमा समाहित गर्ने निर्णय शतप्रतिशत उचित छैन । हेटौंडाका सबै राजनीतिक दलको विरोध यसैको परिणाम हो । प्रदेश सरकारले सबैको सहमति र स्वीकृति लिएर पारदर्शी ढंगले मात्र यस्ता संवेदनशील निर्णय गर्नुपर्छ । प्रदेश सरकारले संघीय शासन प्रणालीको मामिलालाई बुझ्नुपर्छ । संघीय इकाइ आफैलाई विकास र समृद्धिको केन्द्र बनाउन सक्षम हुनुपर्छ । प्रादेशिक गौरवका आयोजनालाई बलिदान गरेर थुप्रै अस्पतालहरू खोलिए पनि प्रादेशिक समृद्धिको गतिलाई यसले अवरोध गर्ने नै छ ।

त्यसैले, प्रदेश सरकारले हेटौंडा अस्पतालको भविष्य लिएर आफ्नो निर्णय पुनर्विचार गर्नुपर्छ । मदन भण्डारी प्रतिष्ठानलाई अलग्गै पूर्वाधारमा सुदृढीकरण गर्दै अगाडि बढ्नु नै समयको मागं रहेको छ । हेटौंडा अस्पतालको विशिष्ट पहिचान र मकवानपुरको गौरव जोगाउनु प्रदेश सरकारको दायित्व हुनुपर्छ । प्रदेश सरकारले प्रतिष्ठान र हेटौंडा अस्पताललाई अलग अलग रूपमा विकास गरेर लैजानु पर्छ । विवाद बढाएर होइन समाधान खोजेर अगाडी बढ्नुमा नै बुद्धिमानि छ । तसर्थ विवेकशील निर्णय लिई जनताको विश्वास कायम गर्नु जरूरी छ ।

### जरूरी टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०८६७ |
| मनहरी इलाका: | ६२१०९९ |
| फापरबारी इलाका: | ६२१९८० |
| भीमफेदी इलाका: | ६२१४६२ |
| बारुणयन्त्र | ५२०६७७/१०१ |

**एम्बुलेन्स सेवा**


| | |
|---|---|
| नेपाल रेडक्रस | ५२०७११ |
| पदमपोखरी एम्बुलेन्स: | ९८४५१८६२३१ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२२७५७२ |
| हेटौंडा अस्पताल | ५२०३०५ |
| परिवार नियोजन संघ | ५२०७४५ |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८४५०२८०६० |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२२९४ |
| सिविन बाल हेल्पलाइन | १०९८ |

### आजको राशीफल

| | |
|---|---|
| मेष : | रोजगारीको अवसर |
| वृष : | डर चिन्ता |
| मिथुन : | व्यवसायमा लाभ |
| कर्कट: | पढाईमा रुची बढ्ने |
| सिंह : | शत्रु नाश |
| कन्या : | यात्रामा लाभ |
| तुला : | खर्च बढ्ने |
| वृश्चिक : | धन लाभ |
| धनु : | धार्मिक रुची |
| मकर : | प्रेममा सफलता |
| कुम्भ : | अपव्यय |
| मीन : | मित्र भेट |

*तपाईंको आजको दिन शुभ रहोस् ॥*

# छलछामको गुजुल्टो अर्थात् सत्ता



गोविन्द अधिकारी

"ओहो कस्तो जेलिएको जाल हामी बुन्छौं जब पहिलोपटक धोखा दिने प्रयत्न गर्छौं" - सर वाल्टर स्कट

बजेट अधिवेशनको पहिलो दिन नै संसद् चल्न पाएन । सहकारी ठगीमा गृहमन्त्री रवि लामिछानेको संलग्नताको छानबिनका लागि संसदीय समिति गठनको मागमा विपक्षी दल नेपाली कांग्रेसले अघिल्लो अधिवेशनका बैठकहरू पनि चल्न दिएको थिएन । यस अधिवेशनमा त झन् सत्ताबाहिर रहेका अरू दल पनि संसदीय समितिको मागमा सामेल हुन पुगेका छन् । विशेषगरी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहकारी ठगीका विरुद्ध बढी मुखर भएको छ । आफ्नै दलकी सांसद मुछिएको मुद्दामा समेत निष्पक्ष छानबिनको माग गरेर गृहमन्त्री लामिछानेलाई चुनौती दिएको राप्रपा प्रतिनिधि सभामा पनि आक्रामक शैलीमा प्रस्तुत भएको देखियो ।

त्यसो त सत्तारुढ गठबन्धनमा पनि कार्यकर्ता तहमा रवि लामिछानेका लागि काँध थाप्नु महँगो पर्ने डर बढ्दै गएको देखिन्छ । जनमानसमा बिस्तारै सत्तारुढ सबै दलका नेता सहकारी ठगीमा संलग्न त छैनन् भन्ने सन्देह बढ्दै गएको छ । स्थानीय तहका र जनतासँग प्रत्यक्ष सम्बन्ध भएका नेताहरूले जनताको यो आवाज सुनेको हुनुपर्छ । यसैले उनीहरू क्रमश: सहकारी ठगीको संसदीय छानबिन हुन दिनुपर्छ भन्न थालेका छन् । नेतृत्वको दोस्रो वा तेस्रो तहले लामिछानेको भारी गरुंगो हुँदैगएको थाहा पाएजस्तो छ । यसैले उनीहरूले बिस्तारै सहकारी ठगीको छानबिन हुनुपर्छ भन्न थालेका छन् ।

**भै गो त, समिति पनि बनाऊ बोल्न पनि देऊ**

गृहमन्त्री रवि लामिछाने स्वयंले पनि आफ्नो निर्वाचन क्षेत्रमा पुगेर सहकारी ठगीको छानबिन गर्न समिति गठन गरे हुन्छ भनेको समाचार सार्वजनिक भएको छ । आफूलाई संसद्मा बोल्न दिए समिति गठन गर्दा आपत्ति नहुने उनको धारणा हो भने सम्भवत: छिटै नै यो मामिला टुंगो लाग्ला । पहिले समिति गठन गर्ने कि लामिछानेलाई बोल्न दिने भन्ने विवाद झिकेर 'फुल पहिले कि चल्ला' भने झैं त नगर्लान् नि सत्ता र विपक्षका नेताले यसलाई दुवै पक्षले प्रतिष्ठाको प्रश्न नबनाई सल्लाहमै सल्टाए संसद् पनि चल्नेछ र सरकारका महत्त्वपूर्ण कामकारबाही पनि रोकिनेछैन ।

सहकारी ठगीका मामिलामा निसानामा रवि लामिछाने परे पनि छानबिन समिति गठन नगर्ने पक्षमा मूलत: नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओली अग्रपङ्क्तिमा उभिएका छन् । त्यसो त अहिलेको सरकार पनि उनैले चलाउँछन् भन्छन् सत्तासँग नजिक भएकाहरू ।

सहकारी ठगीको जाँचका लागि एमाले अध्यक्ष किन तयार भएनन् त ? सहकारी संस्थाहरूमा एमाले नेता कार्यकर्ताको संलग्नता अरू दलका सदस्यको भन्दा निकै धेरै रहेको मानिन्छ । वित्तीय संस्था घोटालामा एमाले नेता कार्यकर्ताको संलग्नता एलसी काण्डभन्दा पनि पहिलेदेखिकै हो ।

अहिले पनि निष्पक्ष जाँच भए अपेक्षाकृत एमालेका नेता कार्यकर्ता नै संलग्न भेटिन सक्छन् । त्यसो त अरू दलका नेता कार्यकर्ता पनि पक्कै चोखा छैनन् । साँच्चै निष्पक्ष छानबिन भयो भने रास्वपाका अनुपातमा अरू दलकै नेता कार्यकर्ता धेरै कारबाहीको दायरामा पर्नेछन् ।

**पत्याइहाल्न अलि गाह्रो**

नेपाली कांग्रेसले सहकारी ठगीमा छानबिन गर्नुपर्ने मागमा देखाएको अडानलाई जनताले सराहना नै गरेका छन् । सत्ता वा अरू कुनै सौदाबाजीमा सहकारी ठगी छानबिनको मामिला बेवारेस नहोस् । तर, सत्ताका लागि सिद्धान्तसँग त सम्झौता गर्न नहिचकिचाउने शेरबहादुर देउवा नेतृत्वको कांग्रेसले लामो समयसम्म अडान लेला भनेर पत्याइहाल्न भने सक्दिैन ।

नेपाली कांग्रेसलगायत अहिले सहकारी ठगीमा रवि लामिछानेको संलग्नताको छानबिनको माग गर्ने विपक्षी नेताहरू देश र जनताप्रति गम्भीर पनि होलान् भनेर विश्वास गर्ने आधार छैन । अन्तत: ठगिएका जनताले भाग्यलाई सरापेर चित्त बुझाउन बाध्य हुने जोखिम नै बढी देखिन्छ ।

**किन हुँदैन संसद्मा 'कुकुल्यान्ड' र 'सुनवाला पुनहरू'को चर्चा ?**

नेपालका राजनीतिक नेताहरू देश र जनताप्रति इमानदार हुन्थे भने सहकारी ठगीमा जस्तै प्रश्न बेलायती लेखक पत्रकार टम बर्गिसको पुस्तक 'कुकुल्यान्ड : ह्वेर द रिच ओन द ट्रुथ'ले उजागर गरेको नेपालसँग सम्बन्धित अध्याय ७ को 'मिस्टर एक्सवाई' मा वर्णन गरिएको विषय पनि उठ्थ्यो होला । यसैगरी 'सुनसँग जोडिएका पुन'हरूका विषयमा पनि कांग्रेसहरू बोल्थे होलान् । विपक्षी सांसदहरू कसैले पनि कुकुल्यान्डको चर्चै नसुनेका र त्यसको नायक को हो भन्ने नबुझेका पक्कै होइन होला नि ।

**पाकिस्तानी ठगीको कथा**

पहिलो जनआन्दोलनपछिकै कुरा हो । म राष्ट्रिय जनसङ्ख्या आयोगमा काम गर्थें । जनसङ्ख्या सूचना, शिक्षा तथा सञ्चार विषयमा एउटा दक्षिण एसियाली गोष्ठी हुनेभयो संयुक्त राष्ट्र जनसङ्ख्या कार्यक्रम (युएनएफपीए) नेपालको आयोजनामा । नेपालको तर्फबाट म पनि सहभागी थिएँ । पाकिस्तानमा बेनजिर भुट्टोको सरकार थियो ।

नेपालमा आर्थिक उदारीकरणको चर्चा बढी नै हुन्थ्यो त्यतिबेला । आर्थिक उदारीकरणलाई 'रामवाण' नै शासकहरू देशको अर्थतन्त्रमा सुधारका लागि । पाकिस्तानी सहकर्मी सिन्धी थिए भन्ने सम्झन्छु उनको नाम बिर्सें । उनले भने आर्थिक उदारीकरण जनता ठग्ने अर्को औजार हुनसक्छ है भने । हामी धुलीखेल घुम्न गएका बेला उनीसँग सोधें - किन तिमीले उदारीकरणप्रति अविश्वास गर ेको ?

उनले भने - पाकिस्तानमा महबुब उल हक अर्थमन्त्री हुँदा सन् १९८५ मै आर्थिक उदारीकरण सुरु भयो । पहिले गरिएका सुधारमध्ये निजी क्षेत्रलाई वित्तीय संस्था खोल्न र बचत तथा ऋण परिचालन गर्न दिनु पनि थियो । पाकिस्तानको अर्थतन्त्र २२ वटा सामन्त परिवारको कब्जामा छ । तिनैले बैंक पनि खोले । जनतालाई बढी ब्याजको लोभ देखाएर बचत संकलन गरे । अनि परिवारकै उद्योग व्यापारमा ऋण लगानी गरे । लगानी गरिएका अधिकांश उद्योग व्यवसाय डुबेको प्रतिवेदन बनाए र टाट पल्टेको घोषणा गरे । ऋण डुब्यो । जनता ठगिए । नेपालमा पनि त्यस्तै होला है ।

सहकारी ठगीको मामिलाले ती सिन्धी मित्रको कथन सम्झायो ।

र अन्त्यमा

'तिलको पहाड' अर्थात् डा. चिरञ्जीवी नेपालको अभिव्यक्ति


भारतले नेपालको जमिन मिचेको छ । त्यसरी मिचिएको भूभागमा बन्दुक लिएर कब्जा गर्न जान नसके पनि हामीले आफ्नो दाबी छाड्न हुँदैन । तर, यसो भन्दैमा शासकहरूलाई अप्ठेरो पर्नेबित्तिकै जनताको ध्यान बर्गलाउन बेला न कुबेला त्यही जमिनको कुरा झिकेर भारतलाई जिस्क्याउनु भने मूर्खता हो । अहिले पनि त्यही मूर्खता गरिएको छ यो 'चुचे नक्सा' नोटमा छाप्ने प्रसङ्गमा ।

पञ्चायतकालमा पनि देशभित्र कुनै असन्तोष वा आन्दोलन देखिन थाल्यो भने शासकहरूको 'राष्ट्रवाद' एक्कासी जाग्थ्यो । कुनै बेला अहिलेको कालापानीजस्तै राष्ट्रवादको वायु सुस्तामा चढ्थ्यो । सरकार र त्यसका मतियारहरू उग्र भारत विरोधी प्रचारवाजीमा लाग्थे । कसैले त्यसको सान्दर्भिकता र औचित्यमा प्रश्न उठायो भने उसलाई 'अराष्ट्रिय तत्व' को बिल्ला भिराइहाल्थे ।

चुच्चे नक्सा नोटमा छाप्नुको औचित्यका बारेमा नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर डा. चिरञ्जीवी नेपालले प्रश्न उठाउनेबित्तिकै पञ्चहरूले जस्तै तर्कहीन हप्कीदप्कीमा शासकहरू उत्रेका छन् । संयोगले डा. नेपाल राष्ट्रपतिका सल्लाहकार पनि रहेछन् । यसैले सत्तारुढ गठबन्धनका सूत्रधार खड्गप्रसाद ओलीले विवादमा राष्ट्रपतिलाई पनि तान्नेगरी रडाको मच्चाउने प्रयत्न गरेका हुनुपर्छ ।

अहिले नेपालको नोटमा चुच्चे नक्सा छाप्दा भारतलाई जिस्क्याउनेबाहेक अरू उपलब्धि केही हुने देखिँदैन । उता चुनावको बेला छ । यताका भन्दा उताका पनि दलगत फाइदाका लागि राष्ट्रहितलाई बेवास्ता गर्नमा कम छैनन् । नाकाबन्दीका नायक भारतीय विदेशमन्त्री एस. जयशङ्कर को टिप्पणीमा गौर गर्ने हो भने यही नेपालका लागि प्रत्युत्पादक नै हुने जोखिम बढाएको छ । अब पशुपतिनाथले नै सबैको कल्याण गरून् । स्रोत: बाह्रखरी

# किन चाहिन्छ शिक्षामा दर्शन र सिद्धान्त?



प्रविज्ञ रेग्मी

शिक्षामा एमफिल उत्तीर्ण एक विद्यालय निरीक्षकसँग केही समयअघि शैक्षिक भेटघाट भएको थियो। विद्यालय निरीक्षकको बैठक सकिएपछि उहाँले एक प्रश्न राख्नुभएको थियो।

उहाँले भन्नुभयो – विद्यालयमा त पढाउने हो, विद्यार्थीले सिक्ने हो, तर हामीले अध्ययन गरेका शैक्षिक दर्शन त कतै पनि व्यवहारमा आएको पाइनँ। यो त कोरा ज्ञान मात्र भयो। यसको प्रयोजन कहींकतै देखिएन। दर्शन जानेको शिक्षकले यसको प्रयोग कसरी गर्छ?

प्रयोगमा नआउने यो विषयलाई विश्वविद्यालयमा किन प्राथमिकतामा राखिन्छ? बरू विधिशास्त्रमा र शैक्षिक सुपरिवेक्षणमा केन्द्रित गरियो भने हाम्रो काममा थप प्रभावकारिता आउने थियो। यो दर्शनले के काम गर्छ? किन चाहिन्छ सिद्धान्त?

प्रश्नको उत्तर प्रत्यक्ष भए पनि यो सवाल धेरै प्रधानाध्यापक र शिक्षा सरोकारवालाहरूलाई अर्थपूर्ण रूपमा प्रस्ट नभएको उहाँले उल्लेख गर्नुभयो। हामीले त्यसमा रहेर छलफल गर्‍यौं।

यहाँ त्यसैको संक्षेप राखेको छु।

दर्शन कसरी व्यवहारमा निस्किन्छ र यसको निहितार्थ के हुन्छ, एक निषेधात्मक उदाहरणबाट प्रस्तुत गर्छु। यसरी नै सबैमा लागू भएको छ भन्ने मेरो अभिप्राय होइन।

मानौं, विद्यार्थीहरूको उच्च परिणाम चाहेर कुनै कार्यक्रम निर्धारण गरेको स्कुलले एक दर्शनको यसरी प्रयोग गरेको छ।

त्यहाँ एसइई परीक्षामा उत्कृष्ट ग्रेड ल्याउने लक्ष्य राखियो। विद्यालयले बिहानदेखि साँझसम्म विद्यार्थीहरूलाई अनेकन काममा व्यस्त गरायो। बौद्धिक उपलब्धिका ठाउँमा विद्यार्थीहरूलाई परीक्षा प्रणालीका छि' प्रयोग गर्दै ग्रेडलाई केन्द्रित गरेर विषयवस्तुका सूचना मात्रै रटाइयो।

यस अवस्थामा विद्यालयले पाठ्यपुस्तकलाई रटाउने विधिशास्त्रको एउटा आधार लियो। यसरी विद्यार्थीमा सूचना संकलन गरे अवधारणा बुझाउने झन्झट कम हुने र परिणाम उच्च आउने विश्वास लिइयो। यही विश्वास नै त्यस स्कुलको शिक्षणको एक आधार वा दर्शन बन्यो। घोकेर पढ्नु पर्छ भन्ने त्यस दर्शनले यसै अनुसार विद्यार्थीको सिकाइको दिशा तय गर्‍यो।

अझै विश्लेषण गरौं।

रटाएर उत्कृष्ट अंक ल्याउन उद्यत त्यस अमुक स्कुलको अर्को दार्शनिक अभ्यास अझै भयावह छ। यस अर्थमा कि, एसइई परिणाम नराम्रो भएमा विद्यार्थी संख्या घटेर आम्दानीमा कमी आउन सक्ने जोखिमले सिर्जित प्रेरणा अर्थात् विद्यार्थीको वैचारिक उन्नतिको सट्टा स्कुल सञ्चालकहरूको निहित आर्थिक स्वार्थ।

त्यस अमूक स्कुलले मुनाफा आर्जन गर्नुलाई विद्यालय स्थापनाको प्रमुख अघोषित आधार लियो। यो नै त्यस स्कुलको आधारभूत नैतिक र दार्शनिक भुल हो। यो शिक्षाको स्थानलाई वाणिज्य दर्शनले विस्थापित गरेको त्रुटिपूर्ण अवस्था हो। व्यापार र शैक्षिक दर्शन वस्तुगत रूपमा बेग्लाबेग्लै हुन्। प्रस्ट छ, शैक्षिक दर्शनको ठाउँ वाणिज्य दर्शन हुन सक्दैन।

उक्त विद्यालयले त्यस्तो ध्येय र विश्वासको स्थानमा मौलिक चिन्तन, उद्देश्यपूर्ण सिकाइ, चरित्र निर्माण, संस्कार को विकास जस्ता विचारलाई विस्थापित गरिदिएको भए शिक्षाको स्वरूप नितान्त भिन्न बन्ने थियो। स्कुलले सही गन्तव्य लिने थियो।

यस उदाहरणले शिक्षामा गतल दार्शनिक संस्कृति बसेमा विसंगति मौलाउन सक्ने कुरा स्पष्ट पार्छ। दर्शनले यसरी काम गर्छ र त्यसैअनुसार विद्यालयको प्रवृत्ति र कार्यपद्धतिको आधार तयार हुन्छ।

शिक्षाको दार्शनिक पक्षका मुख्यत: दुई प्रायोगिक भाग रहन्छन्।

पहिलो भाग दर्शन आफै हो भने दोस्रोमा सिद्धान्त रहन्छ। र, यी दुवै मूलभूत रूपमा फरक रहे पनि निकट रूपमा परस्पर सम्बन्धित हुन्छन् । पहिला, विद्यालयको दार्शनिक पाटो हेरौं। त्यसपछि त्यसमा अन्तरनिहित सिद्धान्तको सम्बद्धतालाई लेखको दोस्रो भागमा राख्ने छु।

शैक्षिक दर्शनलाई केवल बौद्धिक तर्क र विषयगत परावर्तन मात्र मानिनुले यसको कार्यात्मक पक्षलाई कुण्ठित बनाउँछ। दर्शनले शिक्षा प्रणालीलाई दिने ठोस वैचारिक आधारशिला नै यसको पहिलो र प्रमुख व्यावहारिक पक्ष हो।

उदाहरण लिऔं।

एउटा प्रशस्त फल लागेको विशाल वृक्ष छ । बाहिरबाट हेर्दा काण्ड र माथिको भाग मात्र देखिन्छ तर त्यसको जमिनमुनिको मूल देखिँदैन। त्यस वृक्षको आधार बाह्य रूपमा लुप्त जरा रहन्छ। यसले नै वृक्षलाई अड्याउनेदेखि पानी र पोषण पुर्‍याउँछ। ठीक यही उपमान विद्यालयको बाहिरी कार्यात्मक, भौतिक स्वरूप र यसका अन्तर निहित दर्शनसँग दाँज्न सकिन्छ।

बिना शैक्षिक आधारशिला वा त्यो मूल जराको अभावमा विद्यालय खडा हुन सक्दैन। आधारशिला कमजोर भएमा वा गलत भएमा विद्यालयको दिशा अस्तव्यस्त हुन्छ। शिक्षा निर्दिष्ट बन्दैन। परिकल्पना गरौं, सतहमा मक्किएको जरो रहेको रूख कति टिक्ला? फल कति दिन सक्ला? विद्यालय नेतृत्व यही अमूर्त र गुप्त दार्शनिक आधारमा अलमलिन सक्छ। सुक्ष्म र शक्तिशाली अपरिहार्यता नपहिल्याएर वा पाखा लगाएर बाह्य स्वरूपमा गरिने भौतिक लगानीले स्कुललाई स्थायित्व दिन खोज्दा त्यो संरचनामा मात्र सीमित हुन्छ। स्रोत: सेतोपाटी

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/३१ (प्रदेश राष्ट्रिय दैनिक पत्रिका)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित शाखा कार्यालयहरूबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रूपमा साँवा ब्याज बुझाँउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक लिखित तथा मौखिक रूपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, केही ऋणीको हकमा अन्तिम भुक्तानी मिति समेत समाप्त भईसकेको तथा कर्जा लिँदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल जमानी/धनजमानीकर्ताहरू लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाँउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाँउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन- २०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन-२०७९ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत एकीकृत निर्देशन-२०७९ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकलजमानी/धनजमानीकर्ताहरू लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरू लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

तपशिलः

| क्र.सं. | ऋणी तथा एकल जमानी/धनजमानी कर्ताहरूको नाम, थर, ठेगाना, ना.प्र.प.नं. तथा धितोमा रहेको जग्गाको विवरण |
|---|---|
| | **शाखा कार्यालय : कावासोती, नवलपरासी** |
| १. | ऋणीको नाम : हेमा मिश्र, पिता/पतिको नाम : अर्जुन मिश्र, बाजे/ससुराको नाम : शत्रुधन मिश्र, स्थायी ठेगाना : सून्दरपूर चूहडवा-०८, सर्लाही, नागरिकता नं. : १९-०१-७३-०८७५१, कर्जाको शीर्षक : साधारण<br>१.एकलजमानीको नाम : रिता महतो, पिता/पतिको नाम : नेत्रलाल महतो, बाजे/ससुराको नाम : केवल बहादुर थारू, स्थायी ठेगाना : शिवमन्दिर-०९, नवलपरासी, नागरिकता नं. : ३६२०१८/२६३४ |
| २. | ऋणीको नाम : फुलमाया थापा, पिता/पतिको नाम : पदम थापा, बाजे/ससुराको नाम : टिकाराम थापा, स्थायी ठेगाना : निबूवाखर्क-०९, स्याङ्गजा, नागरिकता नं. : ३७२५, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>१. एकलजमानीको नाम : निरस थापा, पिता/पतिका नाम : पदम बहादूर थापा, बाजे/ससुराको : टिकाराम थापा, स्थायी ठेगाना : निबूवाखर्क-०९, स्याङ्गजा, नागरिकता नं. : ४२२०४२/७०२ |
| ३. | ऋणीको नाम : सबिना बस्नेत थापा, पिता/पतिको नाम : राजन थापा, बाजे/ससुराका नाम : गोपाल थापा, स्थायी ठेगाना : कावासोती-०१, नवलपरासी, नागरिकता नं. : ३६३०१८/६५०, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>धनजमानीकर्ताको नाम : होलिदेवी थापा, पिता/पतिको नाम : गोपाल थापामगर, बाजे/ससुराको नाम : बालु थापा, स्थायी ठेगाना : धोवादी-०१, नवलपरासी, नागरिकता नं. : ८१४३ |
| ४. | ऋणीको नाम : देउसरा बि.क., पिता/पतिको नाम : दिप बहादूर बि.क., बाजे/ससुराको नाम : चेत बहादूर बि.क., स्थायी ठेगाना : शिवमन्दिर-०८, नवलपरासी, नागरिकता नं. : ३६२०१८/४५२०, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : अमृता बि.क., पिता/पतिको नाम : मन बहादुर बि.क., बाजे/ससुराको नाम : चेत बहादुर बहादुर वि.क, स्थायी ठेगाना : कावासोती-०१, नवलपरासी, नागरिकता नं. : ७७-०१-७६-०५४१६ |
| ५. | ऋणीको नाम : कल्पना श्रेष्ठ, पिता/पतिको नाम : नारायण श्रेष्ठ, बाजे/ससुराको नाम : धम नारायण श्रेष्ठ, स्थायी ठेगाना : शिवमन्दिर-०२, नवलपरासी, नागरिकता नं. : ३६२०१८/२९९५, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : नारायण श्रेष्ठ, पिता/पतिको नाम : धम नारायण श्रेष्ठ, बाजे/ससुराको नाम : काल नारायण श्रेष्ठ रावल, स्थायी ठेगाना : शिवमन्दिर-०२, नवलपरासी, नागरिकता नं. : २८६४३ |
| ६. | ऋणीको नाम : सुनिता दवाडी, पिता/पतिको नाम : केशव प्रसाद दवाडी, बाजे/ससुराको नाम : नुरेश्वर दवाडी, स्थायी ठेगाना : दिब्यनगर-०६, चितवन, नागरिकता नं. : ०३७९११, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीकर्ताको नाम : गणेश दवाडी, पिता/पतिको नाम : केशव प्रसाद दवाडी, बाजे/ससुराको नाम : नुरेश्वर दवाडी, स्थायी ठेगाना : भरतपुर-२६, चितवन, नागरिकता नं. : ३५-०१-७६-०८२८४ |
| ७. | ऋणीको नाम : रोसनी बिश्वकर्मा, पिता/पतिको नाम : चिरन्जीवी बिश्वकर्मा, बाजे/ससुराको नाम : किशोर कुमार बिश्वकर्मा, स्थायी ठेगाना : अग्यौली-०९, नवलपरासी, नागरिकता नं. : ३६२०२५/२३२० कर्जाको शीर्षक : आकस्मिक<br>एकलजमानीकर्ताको नाम : चिरन्जीवी बिश्वकर्मा, पिता/पतिको नाम : किशोर कुमार बिश्वकर्मा, बाजे/ससुराको नाम : धन बहादुर विश्वकर्मा, स्थायी ठेगाना : धनकुटा-०५, धनकुटा, नागरिकता नं. : २१७ |
| ८. | ऋणीको नाम : तेज कुमारी महतो, पिता/पतिको नाम : महेन्द्र प्रसाद महतो, बाजे/ससुराको नाम : लालुराम महतो, स्थायी ठेगाना : अग्यौली-०२, नवलपरासी, नागरिकता नं. : ई.९०१०, कर्जाको शीर्षक : आकस्मिक<br>एकलजमानीकर्ताको नाम : आशा तामाङ्ग, पिता/पतिको नाम : कर्ण बहादुर दर्लामी, बाजे/ससुराको नाम : मान बहादुर दर्लामी, स्थायी ठेगाना : शिवमन्दिर-०२, नवलपरासी, नागरिकता नं. : ३६२०१८/४८३१ |
| ९. | ऋणीको नाम : सरला खनाल, पिता/पतिको नाम : कृष्ण प्रसाद शर्मा, बाजे/ससुराको नाम : मेघ प्रसाद शर्मा, स्थायी ठेगाना : अग्यौली-०७, नवलपरासी, नागरिकता नं. : ई.१७१३९, कर्जाको शीर्षक : आकस्मिक<br>एकलजमानीकर्ताको नाम : क्षितिज शर्मा, पिता/पतिको नाम : कृष्ण प्रसाद शर्मा, बाजे/ससुराको नाम : मेघ प्रसाद शर्मा, स्थायी ठेगाना : कावासोती-१६, नवलपरासी, नागरिकता नं. : ३६-०२-७५-००३९० |
| १०. | ऋणीको नाम : राममाया खाती, पिता/पतिको नाम : लिला बहादुर खाती, बाजे/ससुराको नाम : गणेश बहादुर वि.क., स्थायी ठेगाना : कावासोती-०६, नवलपरासी, नागरिकता नं. : ३६१५८२१ कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : लिला बहादुर खाती, पिता/पतिको नाम : गणेश बहादुर वि.क, बाजे/ससुराको नाम : .........., स्थायी ठेगाना : कावासोती-०६, नवलपरासी, नागरिकता नं. : ३६/११३५ |
| ११. | ऋणीको नाम : सुशिला देउजा (शर्मा), पिता/पतिको नाम : रविन्द्र देउजा, बाजे/ससुराको नाम : गम्भीर बहादुर देउजा, स्थायी ठेगाना : कावासोती-०५, नवलपरासी, नागरिकता नं. : ३६२०१६/२०९, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : सरस्वती उपाध्याय, पिता/पतिको नाम : गोपाल प्रसाद उपाध्याय, बाजे/ससुराको नाम : .........., स्थायी ठेगाना : कावासोती-०८, नवलपरासी, नागरिकता नं. : ३६२०१६/२९४ |
| १२. | ऋणीको नाम : जेशिका चौधरी महतो, पिता/पतिको नाम : जिवन महतो, बाजे/ससुराको नाम : नेत्र नारायण महतो स्थायी ठेगाना : कावासाती-१७, नवलपरासी नागरिकता नं. : ३६-०२-७४-०९०२५ कर्जाको शीर्षक : साधारण<br>धनजमानीकर्ताको नाम : जिवन महतो, पिता/पतिको नाम : नेत्रनारायण महतो, बाजे/ससुराको नाम : बहादूर प्रसाद महतो, स्थायी ठेगाना : कूमारवर्ती-०५, नवलपरासी, नागरिकता नं. : ३६२०२६/२४१६ |
| १३. | ऋणीको नाम : सुनीता सिग्देल, पिता/पतिको नाम : सन्तोष पोख्रेल, बाजे/ससुराको नाम : कृष्ण प्रसाद पोख्रेल, स्थायी ठेगाना : पर्सौनी-०१, नवलपरासी, नागरिकता नं. : ई-४५५१६, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : सन्तोष पोख्रेल, पिता/पतिको नाम : कृष्ण प्रसाद पोख्रेल, बाजे/ससुराको नाम : डोलराज पोख्रेल, स्थायी ठेगाना : कुमारवर्ती-०३,नवलपरासी, नागरिकता नं. : ई.३४५११ |
| १४. | ऋणीको नाम : विष्णु मल्ल, पिता/पतिको नाम : प्रकाश मल्ल, बाजे/ससुराको नाम : गिर बहादुर मल्ल, स्थायी ठेगाना : देउराली-०५, नवलपरासी, नागरिकता नं. : ३६२०२६/२५५, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : प्रकाश मल्ल, पिता/पतिको नाम : गिर बहादुर मल्ल, बाजे/ससुराको नाम : चित्र बहादुर मल्ल, स्थायी ठेगाना : देउराली-०५, नवलपरासी, नागरिकता नं. : ई.३९६० |
| १५. | ऋणीको नाम : कमला के.सी, पिता/पतिको नाम : दिवाकर सिंह के.सी., बाजे/ससुराको नाम : दिपक सिंह के.सी., स्थायी ठेगाना : रामग्राम-०३, नवलपरासी, नागरिकता नं. : ६७१३६, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : अप्राजिता के.सी, पिता/पतिको नाम : दिवाकर सिंह के.सी, बाजे/ससुराको नाम : दिपक सिंह के.सी, स्थायी ठेगाना : कावासोती-१६, नवलपरासी, नागरिकता नं. : ३६-०२-७५-०४३३३, |
| १६. | ऋणीको नाम : कल्पना गिरी, पिता/पतिको नाम : पदम गिरी, बाजे/ससुराको नाम : नारान गिरी, स्थायी ठेगाना : कावासोती-१६, नवलपरासी, नागरिकता नं. : ३६२०१६/६३६९ कर्जाको शीर्षक : साधारण<br>एकलजमानीकर्ताको नाम : पदम गिरी, पिता/पतिको नाम : नारन गिरी, बाजे/ससुराको नाम : भिमलाल गिरी, स्थायी ठेगाना : अग्यौली-०९, नवलपरासी, नागरिकता नं. : ई. ४२८३२ |
| | **शाखा कार्यालय : हर्नामाडी, मकवानपुर** |
| १७. | ऋणीको नाम : सुमित्रा राई, पिता/पतिको नाम : लोक बहादुर राई, बाजे/ससुराको नाम : सानुराम लाल राई, स्थायी ठेगाना : हटिया-०६, मकवानपुर, नागरिकता नं. : १२३०, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : सुजता राई, पिता/पतिको नाम : लोक बहादुर राई, बाजे/ससुराको नाम : सानुराम लाल राई, स्थायी ठेगाना : हेटौडा-१७, मकवानपुर, नागरिकता नं. : ३१-०१-७७-०७७६१ |
| १८. | ऋणीको नाम : झुलमाया राई, पिता/पतिको नाम : सन्त बहादुर राई, बाजे/ससुराको नाम : सोम बहादुर राई, स्थायी ठेगाना : हटिया-०६, मकवानपुर, नागरिकता नं. : ९५५, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : सन्त बहादुर राई, पिता/पतिको नाम : सोम बहादुर राई, बाजे/ससुराको नाम : ......., स्थायी ठेगाना : हटिया-०६, मकवानपुर, नागरिकता नं. : १३८६५ |

| क्र.सं. | ऋणी तथा एकल जमानी/धनजमानी कर्ताहरूको नाम, थर, ठेगाना, ना.प्र.प.नं. तथा धितोमा रहेको जग्गाको विवरण |
|---|---|
| १९. | ऋणीको नाम : सुस्मिता घिमिरे राई, पिता/पतिको नाम : राजेश राई, बाजे/ससुराको नाम : लाल ब. राई, स्थायी ठेगाना : हटिया-०६, मकवानपुर, नागरिकता नं. : ३११०१३/९३७३८, कर्जाको शीर्षक : आकस्मिक<br>एकलजमानीकर्ताको नाम : राजेश राई, पिता/पतिको नाम : लाल ब. राइ, बाजे/ससुराको नाम : रामलाल राई, स्थायी ठेगाना : हटिया-०६, मकवानपुर, नागरिकता नं. : ३११०१३/७११५२ |
| २०. | ऋणीको नाम : मेनुका राई, पिता/पतिको नाम : दिनेश राई, बाजे/ससुराको नाम : लाल बहादुर राई, स्थायी ठेगाना : छतिवन-०४, मकवानपुर, नागरिकता नं. : ३१-०१-७०-०४०९७ कर्जाको शीर्षक : आकस्मिक कर्जा<br>एकलजमानीकर्ताको नाम : लाल बहादुर राई, पिता/पतिको नाम : सानु रामलाल राई, बाजे/ससुराको नाम : लाटा राई, स्थायी ठेगाना : हटिया-०१, मकवानपुर, नागरिकता नं. : ३११०४६/१८१९ |
| | **शाखा कार्यालय: फापरबारी, मकवानपुर** |
| २१. | ऋणीको नाम : शान्ती वि.क, पिता/पतिको नाम : प्रेम व. विश्वकर्मा, बाजे/ससुराको नाम : बल बहादुर विश्वकर्मा, स्थायी ठेगाना : फापरबारी-०२, मकवानपुर, नागरिकता नं. : ३१-१२-७१/००३१२, कर्जाको शीर्षक : साधारण/आकस्मिक कर्जा एकलजमानीकर्ताको नाम : सुस्मिता वि.क., पिता/पतिको नाम : प्रेम बहादुर विश्वकर्मा, बाजे/ससुराको नाम : बल बहादुर विश्वकर्मा, स्थायी ठेगाना : बाग्मती-०४, मकवानपुर, नागरिकता नं. : ३१-०१-७५-००३५० |
| २२. | ऋणीको नाम : उर्मिला बि.क सुनार, पिता/पतिको नाम : पदम व. वि.क., बाजे/ससुराको नाम : वल व. वि.क., स्थायी ठेगाना : फापरबारी-०१, मकवानपुर, नागरिकता नं. : ३१३००२/४९५, कर्जाको शीर्षक : साधारण/आकस्मिक कर्जा<br>एकलजमानीकर्ताको नाम : प्रेम व. वि.क., पिता/पतिको नाम : वल व. वि.क., बाजे/ससुराको नाम : विरबल वि.क., स्थायी ठेगाना : फापरबारी-०१, मकवानपुर, नागरिकता नं. : ३१३००२/२६१ |
| २३. | ऋणीको नाम : शान्ती माया लोप्चन, पिता/पतिको नाम : धावा लामा लोप्चन, बाजे/ससुराको नाम : गुन्जमान लोप्चन, स्थायी ठेगाना : फापरबारी-०१, मकवानपुर, नागरिकता नं. : ३१-०१-७१-०५२२४, कर्जाको शीर्षक : साधारण/आकस्मिक कर्जा<br>एकलजमानीकर्ताको नाम : धावा लामा लोप्चन, पिता/पतिको नाम : गुन्जमान लोप्चन, बाजे/ससुराको नाम : भिम व. लोप्चन, स्थायी ठेगाना : फापरबारी-०४, मकवानपुर, नागरिकता नं. : ५१/३३९११ |
| २४. | ऋणीको नाम : सिता माया लोप्चन, पिता/पतिको नाम : ज्ञान बहादुर लोप्चन, बाजे/ससुराको नाम : गुन्जमान लोप्चन, स्थायी ठेगाना : फापरबारी-०४, मकवानपुर, नागरिकता नं. : ३१-१३-७१/००७०३, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : ज्ञान बहादुर लोप्चन, पिता/पतिको नाम : गुन्जमान लोप्चन, बाजे/ससुराको नाम : भिम व. लोप्चन, स्थायी ठेगाना : फापरबारी-०४, मकवानपुर, नागरिकता नं. : १/३०३ |
| २५. | ऋणीको नाम : विमला माया बज्यु, पिता/पतिको नाम : अम्वर व. वज्यु, बाजे/ससुराको नाम : इन्द्र व. वज्यु, स्थायी ठेगाना : फापरबारी-०४, मकवानपुर, नागरिकता नं. : ३१३००२/३४३, कर्जाको शीर्षक : साधारण/आकस्मिक<br>एकलजमानीकर्ताको नाम : अम्वर व. वज्यु, पिता/पतिको नाम : इन्द्र व. वज्यु, बाजे/ससुराको नाम : आईते सिंह वज्यु, स्थायी ठेगाना : फापरबारी-०४, मकवानपुर, नागरिकता नं. : ३१३००२/३७६ |
| | **शाखा कार्यालय : हेटौडा, मकवानपुर** |
| २६.. | ऋणीको नाम : भगवती माया लामा, पिता/पतिको नाम : किरण थापा, बाजे/ससुराको नाम : ललित बहादुर थापा, स्थायी ठेगाना : निजगढ-०१, बारा, नागरिकता नं. : ४६२४, कर्जाको शीर्षक : साधारण/मौसमी<br>एकलजमानीकर्ताको नाम : किरण थापा, पिता/पतिको नाम : ललित बहादुर थापा, बाजे/ससुराको नाम : भिम बहादुर थापा, स्थायी ठेगाना : निजगढ-०१, बारा, नागरिकता नं. : ६५२६, |
| २७. | ऋणीको नाम : पुजा नेगी, पिता/पतिको नाम : लक्ष्मु नगरकोटी, बाजे/ससुराको नाम : गणेश बहादुर नगरकोटी, स्थायी ठेगाना : भैसे-०८, मकवानपुर, नागरिकता नं. : ३११०४४/७९२५१, कर्जाको शीर्षक : साधारण |
| २८. | ऋणीको नाम : सोनी लामा, पिता/पतिको : रामकुमार लामा, बाजे/ससुराको नाम : जित बहादुर घिसिङ लामा, स्थायी ठेगाना : हेटौडा-०५, मकवानपुर, नागरिकता नं. : ७४७, कर्जाको शीर्षक : साधारण/आकस्मीक<br>एकलजमानीकर्ताको नाम : एन्जी लामा, पिता/पतिको नाम : रामकुमार लामा, बाजे/ससुराको नाम : जितबहादुर घिसिङ लामा, स्थायी ठेगाना : हेटौडा-०५, मकवानपुर, नागरिकता नं. : ३१-०१-७४-०२९२२ |
| २९. | ऋणीको नाम : सिता कुमारी जोशी, पिता/पतिको नाम : रूपेश कुमार जोशी, बाजे/ससुराको नाम : प्रकाश कुमार जोशी, स्थायी ठेगाना : हेटौडा-०२, मकवानपुर, नागरिकता नं. : १६८३, कर्जाको शीर्षक : साधारण |
| ३०. | ऋणीको नाम : कम्मु सिंह, पिता/पतिको नाम : अमोद कुमार सिंह, बाजे/ससुराको : बिनोद कुमार सिंह, स्थायी ठेगाना : हेटौडा-०२, मकवानपुर, नागरिकता नं. : ३११०२३/९९, कर्जाको शीर्षक : साधारण |
| ३१. | ऋणीको नाम : सानु देबकोटा लामा, पिता/पतिको नाम : देवान सिंग लामा, बाजे/ससुराको नाम : प्रताप सिं लामा, स्थायी ठेगाना : हेटौडा-०५, मकवानपुर, नागरिकता नं. : ३११०२३/६०७०२, कर्जाको शीर्षक : साधारण |
| ३२. | ऋणीको नाम : गुहेश्वरी श्रेष्ठ, पिता/पतिको नाम : गणेश श्रेष्ठ, बाजे/ससुराको नाम : तेज बहादुर श्रेष्ठ, स्थायी ठेगाना : हटिया-०३, मकवानपुर, नागरिकता नं. : ९/११७७, कर्जाको शीर्षक : साधारण |
| ३३. | ऋणीको नाम : सुनिता कुमारी लामा, पिता/पतिको नाम : प्रमोद कुमार श्रेष्ठ, बाजे/ससुराको नाम : पुर्ण बहादुर, स्थायी ठेगाना : निजगढ-०७, बारा, नागरिकता नं. : ३३३०११/२३३६ |
| ३४. | ऋणीको नाम : जुनु बिश्वकर्मा, पिता/पतिको नाम : उमेश सुनार, बाजे/ससुराको नाम : तिलक बहादुर सुनार, स्थायी ठेगाना : निवुवाटार-०६, मकवानपुर, नागरिकता नं. : ५५/३५८, कर्जाको शीर्षक : साधारण |
| ३५. | ऋणीको नाम : मिना प्रधान, पिता/पतिको नाम : रजदिप महर्जन, बाजे/ससुराको नाम : गणेश बहादुर महर्जन, स्थायी ठेगाना : पदमपोखरी-०५, मकवानपुर, नागरिकता नं. : २३२९, कर्जाको शीर्षक : साधारण |
| ३६. | ऋणीको नाम : देबकी परीयार, पति/पिताको नाम : भक्त परीयार, बाजे/ससुराको नाम : गणेश बहादुर परीयार, स्थायी ठेगाना : हेटौडा-०१, मकवानपुर, नागरिकता नं. : ३११०२३/५४५८०, कर्जाको शीर्षक : साधारण र अनुशासन |
| ३७. | ऋणीको नाम : मनमाया थिङ बल, पति/पिताको नाम : बुद्धी बहादुर बल, बाजे/ससुराको नाम : राजकुमार बल, स्थायी ठेगाना : पदमपोखरी-०४, मकवानपुर, नागरिकता नं. : ३११०२१/७११८९, कर्जाको शीर्षक : साधारण |
| ३८. | ऋणीको नाम : माया रूम्बा, पति/पिताको नाम : बलराम रूम्बा, बाजे/ससुराको नाम : चन्द्र बहादुर रूम्बा, स्थायी ठेगाना : पदमपोखरी-०६, मकवानपुर, नागरिकता नं. : ४८८३, कर्जाको शीर्षक : साधारण/आकस्मीक<br>एकलजमानीकर्ताको नाम : सम्झना माया घलान, पिता/पतिको नाम : सोम बहादुर घलान, बाजे/ससुराको नाम : जित बहादुर घलान, स्थायी ठेगाना : हेटौडा-१३, मकवानपुर, नागरिकता नं. : ३१-०१-७५-१११८३ |
| | **शाखा कार्यालय : रजहर, नवलपरासी** |
| ३९. | ऋणीको नाम : केश कुमारी आले मगर, पिता/पतिको नाम : सन्त मान आले मगर, बाजे/ससुराको नाम : देबि लाल आले मगर, स्थायी ठेगाना : मुकुन्दपुर-०२, नवलपरासी, नागरिकता नं. : ३६३००६/५८८, कर्जा शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : सन्त मान आले मगर, पिता/पतिको नाम : देबि लाल आले मगर, बाजे/ससुराको नाम : भव बिर आले, स्थायी ठेगाना : रतनपुर-०४, नवलपरासी, नागरिकता नं. : ३६-९३०४ |
| ४०. | ऋणीको नाम : सरीता बस्याल, पिता/पतिको नाम : बिष्णू प्रसाद बस्याल, बाजे/ससुराको नाम : खेमनाथ बस्याल, स्थायी ठेगाना : प्रसौनी-०९, नवलपरासी, नागरिकता नं. : ३६-२-०३२/२२, कर्जा शीर्षक : लघुउद्यम |
| ४१. | ऋणीको नाम : लक्ष्मी कुमारी घिमिरे, पिता/पतिको नाम : बिकास घिमिरे, बाजे/ससुराको नाम : टुक प्रसाद घिमिरे, स्थायी ठेगाना : देबचुली-०३, नवलपरासी, नागरिकता नं. : ३६२०११/५९६९ |

# मेयर लामाद्वारा पूर्वाधार निर्माणको अनुगमन

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ हेटौंडा उपमहानगरपालिकाका मेयर मीनाकुमारी लामाले हेटौंडा-१० मा निर्माण भैरहेको पूर्वाधारको अनुगमन गरेकी छिन् ।



योजनाको अनुगमन गर्दै मेयर लामा लगायत ।

१० नम्बर वडा कार्यालयसँगै महिला उद्यमीहरुको उत्पादनलाई विक्रीका लागि राख्ने गरी निर्माण भैरहेको कोशेली घर, राप्तिरोडबाट बसपार्क तर्फ जाने सडक र बाइपास सडकको अनुगमन तथा निरीक्षण गरेकी हुन् ।

प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिकाको ४५ लाख रुपैयाँ लगानीमा निर्माण भैरहेको कोशेली घर निर्माणलाई गुणस्तरीय ढंगबाट अघि बढाउने तर्फ ध्यान दिन लामाले सुझाव समेत दिइन् । राप्तिरोडबाट बसपार्कतर्फ जानका लागि ४९ लाख रुपैयाँको लागतमा निर्माण भैरहेको सडकको काम र ९ लाख रुपैयाँको लागतमा बाईपास सडक मर्मतको कामलाई गुणस्तरीय ढंगबाट चाडै सम्पन्न गर्न निमार्ण पक्षलाई निर्देशन दिएकी छिन् । अनुगमनका क्रममा १० नम्बर वडाका अध्यक्ष फुर्वादोर्जे तामाङ, वडा सचिव राम तिमल्सिना लगायतको समेत सहभागिता रहेको थियो ।

# सिएमसी चुरेहिलले गरेको कार्यक्रममा ३१ जनाको रक्तदान

♦ प्रदेश दैनिक

हेटौंडा, ३० बैशाख/ हेटौंडा ११ थानाभञ्याङमा रहेको सिएमसी चुरेहिल हस्पिटलको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । आइतबार बिहान हस्पिटल परिसरमा भएको रक्तदान कार्यक्रममा ३१ जनाले रक्तदान गरेका छन् ।




चुरेहिलमा भएको रक्तदानका सहभागीहरु ।

विश्व नर्सिङ दिवसको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत हस्पिटलले रक्तदानको आयोजना गरेको अस्पतालका कर्मचारी तीर्थ श्रेष्ठले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी ब्लड बैंकसँगको सहकार्यमा भएको रक्तदानमा हस्पिटलका सञ्चालक सहित कर्मचारीहरुको आतिथ्यता रहेको थियो ।

ब्लड बैंकका प्राविधिक किशोर सापकोटा र विष्णुप्रसाद रिमालसहितको टोलीले रक्तदान कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याएका थिए । माघ ३ गतेदेखि सिएमसीसँगको सहकार्यमा चुरेहिलले नयाँ व्यवस्थापन सहित सेवा दिन सुरु गरेको हो । हस्पिटलमा अहिले २४ सै घण्टा इमर्जेन्सी सेवासहित अत्यधुनिक अपरेशन कक्ष, हार्डजोर्नी तथा नसारोग, जनरल तथा ल्याप्रोसकोपी सर्जरी, फिजिसियन, रेडियोलोजी, स्त्री तथा प्रसुती रोग, नाक, कान, घाँटी, बालरोग, क्रिटिकल केयर आइसीयू सेवा, अत्याधुनिक ल्याव सेवा लगायतका सेवा दिँदै आएको छ ।

चितवनको सिएमसीसँगको सहकार्यमा चुरेहिलले आफ्नो सेवालाई थप गुणस्तरीय बनाएको हस्पिटलको व्यवस्थापन पक्षको दावी छ ।

## काम गर्न विदेश जाने सोच बनाउदै हुनुहुन्छ ?

हुनुहुन्छ भने:

➪श्रम तथा वैदेशिक रोजगारका विषयमा आवश्यक जानकारीका लागि स्थानीय तहमा क्रियाशील रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।

➪राहदानी बनाउँदाका बखत नै सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा सम्पर्क राख्नुहोस्।

➪श्रम कल सेन्टरको निःशुल्क नम्बर ११४१ मा फोन गर्नुहोस्।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

BS

057-590514

benkatesharts@gmail.com

**वेङ्कटेश आर्टस्**

हेटौंडा-२, कांग्रेस चोक

हाम्रा सेवाहरू:-

- फ्लेक्स प्रिन्ट
- फोटोकपी
- डिजिटल छाप
- परिचय-पत्र
- लेमिनेसन
- कलर प्रिन्ट
- भिजिटिङ कार्ड
- विवाह कार्ड
- प्रमाण-पत्र
- फोटो-फ्रेमिङ

BIJAYA PAUDEL 9855089866

SAROJ CHAULAGAI 9845455423

तपशिलः

| क्र.सं. | ऋणी तथा एकल जमानी/धनजमानी कर्ताहरूको नाम, थर, ठेगाना, ना.प्र.प.नं. तथा धितोमा रहेको जग्गाको विवरण |
|---|---|
| ४२. | ऋणीको नाम : निर माया तामाङ्ग, पिता/पतिको नाम : लक्ष्मुन तामाङ्ग, बाजे/ससुराको नाम : फुल बहादुर तामाङ्ग, स्थायी ठेगाना : रजहर-०४, नवलपरासी, नागरिकता नं. : ३६२००८-१०६२ |
| ४३. | ऋणीको नाम : बिष्णु माया घर्ती, पिता/पतिको नाम : बिजय सिंह, बाजे/ससुराको नाम : पवन बहादुर सिहं, स्थायी ठेगाना : रजहर-०७, नवलपरासी, नागरिकता नं. : ८२६/२१६५, कर्जा शीर्षक : साधारण<br>धनजमानीकर्ताको नाम : दुर्गा सिहं, पिता/पतिको नाम : महेन्द्र कुवर, बाजे/ससुराको नाम : जेठ बहादुर कुवर, स्थायी ठेगाना : रजहर-०१, नवलपरासी, नागरिकता नं. : ३६३००८/१४१ |
| ४४. | ऋणीको नाम : निशा बि.क, पिता/पतिको नाम : पुर्ण बहादुर बि.क., बाजे/ससुराको नाम : नन्द लाल बि.क., स्थायी ठेगाना : दिब्यपुरी-०६, नवलपरासी, नागरिकता नं. : ३६२०१३/८९५, कर्जा शीर्षक : साधारण |
| ४५. | ऋणीको नाम : निराकुमारी तमाङ्ग, पिता/पतिको नाम : शेर बहादुर तामाङ्ग, बाजे/ससुराको नाम : सिताराम तामाङ्ग, स्थायी ठेगाना : रजहर-०४, नवलपरासी, नागरिकता नं. : ३६२००८/२१८९ |
| ४६. | ऋणीको नाम : मेनका हमाल घिमिरे, पिता/पतिको नाम : दिपक हमाल (घिमिरे), बाजे/ससुराको नाम : पदम प्रसाद घिमिरे, स्थायी ठेगाना : गैडाकोट-०५, नवलपरासी, नागरिकता नं. : ई. ३१२७९, कर्जा शीर्षक : साधारण |
| ४७. | ऋणीको नाम : लिलाउती लुगेंली, पिता/पतिको नाम : रेमलाल लुगेंली, बाजे/ससुराको नाम : खडा बहादुर लुगेंली, स्थायी ठेगाना : देवचुली-०३, नवलपरासी, नागरिकता नं. : ३६३०११/२००, कर्जा शीर्षक : साधारण |
| ४८. | ऋणीको नाम : मिना थापा मगर गुरूङ, पति/पिताको नाम : चित्र बहादुर गुरूङ, बाजे/ससुराको नाम : चन्द्र बहादुर गुरूङ, ठेगाना : ब्यास-०३, तनहुँ, नागरिकता नं. : ४३१००१/१३०३, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : चित्र बहादुर गुरूङ, पति/पिताको नाम : चन्द्र बहादुर गुरूङ, बाजे/ससुराको नाम : राम प्रसाद गुरूङ, ठेगाना : ब्यास-०३, तनहुँ, नागरिकता नं. : ९१२४० |
| ४९. | ऋणीको नाम : लक्ष्मी देवी घर्ती, पति/पिताको नाम : दान बहादुर घर्ती , बाजे/ससुराको नाम : मान बहादुर घर्ती, ठेगाना : शिवमन्दिर-०५, नवलपरासी, नागरिकता नं. : ई. १८९७३, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : दान बहादुर घर्ती, पति/पिताको नाम : मान बहादुर घर्ती, बाजे/ससुराको नाम : हस्त बहादुर घर्ती, ठेगाना : प्रगतिनगर-०२, नवलपरासी, नागरिकता नं. : २४१३९ |
| | **शाखा कार्यालय : सानोश्री, बर्दिया** |
| ५०. | ऋणीको नाम : सवुरू निसा मिया, पिता/पतिको नाम : जौवाद मिया अन्सारी, बाजे/ससुराको नाम : तैयव मिया अन्सारी, स्थायी ठेगाना : पोखरा-१३, कास्की, नागरिकता नं. : १२२०/५१, कर्जा शीर्षक : साधारण |
| | **शाखा कार्यालय : हेम्जा, कास्की** |
| ५१. | ऋणीको नाम : शर्मिला गुरूङ, पति/पिताको नाम : नरबहादुर गुरूङ, बाजे/ससुराको नाम : लाल बहादुर गुरूङ, ठेगाना : लेखफाँट-०१, पर्वत, नागरिकता नं. : ५११०४६/१३१, कर्जाको शीर्षक : साधारण धनजमानीकर्ताको नाम : कुमार गुरूङ, पति/पिताको नाम : लाल बहादुर गुरूङ, बाजे/ससुराको नाम : मन बहादुर गुरूङ, ठेगाना : लेखफाँट-०१, पर्वत, नागरिकता नं. : ५४७७१ |
| ५२. | ऋणीको नाम : टीका लामगारे, पति/पिताको नाम : दावित लामगारे, बाजे/ससुराको नाम : टेक प्रसाद बि.क., ठेगाना : मुना-०१, म्याग्दी, नागरिकता नं. : ४९-०१-७३-०४५७८, कर्जाको शीर्षक : साधारण<br>धनजमानीकर्ताको नाम : मंगली सुनार, पति/पिताको नाम : सोम बहादुर सुनार, बाजे/ससुराको नाम : ......., ठेगाना : धौलागिरी-०४, म्याग्दी, नागरिकता नं. : ४९-०१-७४-०३४८० |
| ५३. | ऋणीको नाम : सेतु बि.क, पति/पिताको नाम : शिब बहादुर बि.क, बाजे/ससुराको नाम : हर्क बहादुर विश्वकर्मा, ठेगाना : हेमजा-०६, कास्की, नागरिकता नं. : ४६-०१-६९-००३११, कर्जाको शीर्षक :साधारण |
| ५४. | ऋणीको नाम : डिलमाया काफ्ले भट्टराई, पति/पिताको नाम : श्याम प्रसाद भट्टराई, बाजे/ससुराको नाम : प्रेम नारायण भट्टराई, ठेगाना : पिठौली-०९, कास्की, नागरिकता नं. : ४६५२३, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : मनिष गुरूङ, पति/पिताको नाम : गम बहादुर गुरूङ, बाजे/ससुराको नाम :........., ठेगाना : चित्रे-०४, पर्वत, नागरिकता नं. : ५१-०१-७२-०१५८८ |
| ५५. | ऋणीको नाम : सिता आले, पति/पिताको नाम : नरेश आले, बाजे/ससुराको नाम : डिल बहादुर आले, ठेगाना : अरूणोदय-०१, तनहु, नागरिकता नं. : ७०८८१, कर्जाको शीर्षक : साधारण |
| ५६. | ऋणीको नाम : जय देवि गुरूङ, पति/पिताको नाम : धर्मराज गुरूङ, बाजे/ससुराको नाम : राजमान गुरूङ, ठेगाना : पचंमुल-०४, स्याङ्जा, नागरिकता नं. : ४८४, कर्जाको शीर्षक : साधारण |
| ५७. | ऋणीको नाम : निरू खड्गी, पति/पिताको नाम : विजय खड्गी, बाजे/ससुराको नाम : कृष्ण खड्गी, ठेगाना : पोखरा-११, कास्की, नागरिकता नं. : ४६-०१-७२-०२८४९, कर्जाको शीर्षक : साधारण |
| | **शाखा कार्यालय : भानु, तनहुँ** |
| ५८. | ऋणीको नाम : गोमा देबी के.सी., पिता/पतिको नाम : गोपाल के.सी., बाजे/ससुराको नाम : गणेश बहादुर के.सी., स्थायी ठेगाना : आवुखैरेनी-०२, तनहुँ, नागरिकता नं. : ४३३०२९/७९६ कर्जाको शीर्षक : साधारण |
| ५९. | ऋणीको नाम : विविकला पुलामी, पिता/पतिको नाम : हेटमान पुलामी, बाजे/ससुराको नाम : थिर बहादुर पुलामी, स्थायी ठेगाना : चोकचिसापानी-०३, तनहुँ, नागरिकता नं. : ४३१०२०/१५०, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : हेटमान पुलामी, पिता/पतिको नाम : थिर बहादुर पुलामी, बाजे/ससुराको नाम : ....., स्थायी ठेगाना : भानु-१०, तनहुँ, नागरिकता नं. : ३८४६ |
| ६०. | ऋणीको नाम : निर्मला तामाङ (देवकोटा), पिता/पतिको नाम : गिरिराज देवकोटा, बाजे/ससुराको नाम : भिम बहादुर देवकोटा, स्थायी ठेगाना : मुच्चोक-०२, गोरखा, नागरिकता नं. : ०१/३४, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : गिरिराज देवकोटा, पिता/पतिको नाम : भिम बहादुर देवकोटा, बाजे/ससुराको नाम : हस्त बहादुर देवकोटा, स्थायी ठेगाना : मुच्चोक-०२, नागरिकता नं. : ४४१०३४/८ |
| ६१. | ऋणीको नाम : बुद्धि माया गुरूङ, पिता/पतिको नाम : बुद्धि गुरूङ, बाजे/ससुराको नाम : दुर्गे गुरूङ, स्थायी ठेगाना : गाईखुर-०२, गोरखा, नागरिकता नं. : १०४३६१, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : बुद्धि गुरूङ, पिता/पतिको नाम : दुर्गे गुरूङ, बाजे/ससुराको नाम : मदर सिं गुरूङ, स्थायी ठेगाना : इलमपोखरी-०६, लमजुङ, नागरिकता नं. : ३८८७४ |
| ६२. | ऋणीको नाम : मुना गुरूङ, पिता/पतिको नाम : लाल बहादुर गुरूङ, बाजे/ससुराको नाम : कालु गुरूङ, स्थायी ठेगाना : भानु-०३, तनहुँ, नागरिकता नं. : ७४९९१, कर्जाको शीर्षक : लघुउद्यम<br>धनजमानीकर्ताको नाम : मनिषा गुरूङ, पिता/पतिको नाम : गणेश पन्थ, बाजे/ससुराको नाम : नारायण प्रसाद पन्थ, स्थायी ठेगाना : भानु-०८, तनहुँ, नागरिकता नं. : ४३१०१९/३६२ |
| ६३. | ऋणीको नाम : रामचन्द्र लामा, पिता/पतिको नाम : रण बहादुर, बाजे/ससुराको नाम : सेते, स्थायी ठेगाना : गाईखुर-०९, गोरखा, नागरिकता नं. : १२०३३, कर्जाको शीर्षक : ब्यक्तिगत<br>१. धनजमानीकर्ताको नाम : सन्दिप लामा, पिता/पतिको नाम : रामचन्द्र लामा, बाजे/ससुराको नाम : रण बहादुर, स्थायी ठेगाना : गाईखुर-०९, गोरखा नागरिकता नं. : ४४१०२३/७१२<br>२. धनजमानीकर्ताको नाम : गंगा लामा, पतिको नाम : रामचन्द्र लामा, ससुराको नाम : रण बहादुर, स्थायी ठेगाना : गाईखुर-०९, गोरखा, नागरिकता नं. : ४४४४१०५३/३५६ धितोमा रहेको जग्गाको विवरण,<br>जग्गाधनीको नाम : रामचन्द्र लामा, जग्गाको ठेगाना : गाईखुर-०७, गोरखा, जग्गाको कित्ता नं. : ५८९, ५९०, जग्गाको क्षेत्रफल : १-६-३-० (७२३.३ व.मी.), ०-१५-०-० (४७६.९४ व.मी.) |

**आशा लघुवित्त वितीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना : ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

❐प्रकाशक/सम्पादक: गणेशदर्पण अधिकारी ❐कार्यालय: हेटौंडा-२, पल्पसारोड, ❐फोन नं.:०५७-५२४०११, ❐ईमेल:pradeshdaily@gmail.com ❐मुद्रण: बेङ्कटेश छापाखाना